अध्यक्ष श्री दिपा बोहोरा दाहालज्यूले

दोश्रो गाउँसभाको प्रथम अधिवेशन

समक्ष पेश गर्नु भएको

# आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

## सुनकोशी गाउँपालिका

सिन्धुली जिल्ला

बागमती प्रदेश, नेपाल

२०७९ साल असार ०९ गते

## १.  संशोधन र संस्मरण :

**गरिमामय गाउँ सभाका उपाध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सर्वप्रथम यस सुनकोशी गाउँपालिकाको दोश्रो गाउँ सभाको प्रथम अधिवेशन प्रारम्भ समारोहमा सहभागी हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, एवं उपस्थित कर्मचारीहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस सम्मानीत दोश्रो गाउँसभाको प्रथम अधिवेशनमा गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यस अवसरमा ईतिहासका विभिन्न कालखण्डमा नेपालको राजनीतिक, सामाजिक परिवर्तन, संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

तिनै तहको सरकारको समन्वय र सहकार्यमा दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि चालेको कदम समेतको परिणाम स्वरुप यसको दिन प्रतिदिन सामान्य हुँदै गएको छ । संक्रमण नियन्त्रण र व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी, सफाईकर्मी, सुरक्षाकर्मी राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधी, सामाजिक तथा व्यवसायिक संघसंस्था लगायत सम्पूर्ण सुनकोशीबासीलाई धन्यवाद दिन चाहन्छु । हामी सबैको अथक प्रयत्नको बाबजुत महामारीमा सुनकोशीवासी ६ जना व्यक्तिले आफ्नो अमूल्य जीवन गुमाउनु भएकोले उहाँहरु सबै प्रति हार्दिका श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ। यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ। आज हामी नेपालको संविधानको भाग १८ धारा २२३ बमोजिम नियमित रुपमा शुरु भएको यो दोश्रो गाउँसभाको प्रथम अधिवेशन प्रारम्भ समारोहमा उपस्थित भएका छौं।

यस गाउँसभा संचालन गर्दै गर्दा पछिल्ला सभाबाट स्वीकृत नीति, कार्यक्रम र बजेट सम्पन्न गर्ने चरणमा रहेका छौं। सो सम्बन्धमा चालू आ.व.को निती, कार्यक्रमहरुको के कस्तो रुपमा प्रभावकारी कार्यन्वयन भयो भएन भन्ने विषयमा छलफल हुनेछ भने आज प्रस्तुत भई रहेको आर्थिक वर्ष ०७९।०८० को नीति र कार्यक्रमको दिगो एवं प्रभावकारी कार्यान्वयन मार्फत उज्जवल र समृद्ध सुनकोशी गाउँपालिकाको निर्माणको निरन्तरता हुनेछ भन्ने मैले विश्वास लिएको छु।

चालु आ.व. ०७८/०७९ को अन्त्यमा आइपुग्दा गाउँपालिकाको आवधिक योजना (०७८/०७९-०८२/०८३), मध्यमकालिन खर्च संरचना, WASH PLAN, GESI रणनीति, राजश्व सुधारको कार्य योजना निर्माण भै सकेको अवस्था छ भने आगामी आ.व. मा सुनकोशी गा.पा.को यातायात गुरु योजना र विस्तृत वस्तुगत विवरण झल्कने (प्रोफाइल) बनाई गाउपालिकाले बनाउने नीति तथा कार्यक्रमलाई सुस्पष्ट दिशा निर्देशन हुनेछ भन्ने विश्वास लिएको छु।

हाम्रो असिमित ईच्छा, आकांक्षा, चाहना र आवश्यकतालाई सिमित श्रोत र साधनबाट समग्र गाउँपालिकाको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा ठूलो चुनौतीपूर्ण कार्य हो। सुनकोशी गाउँपालिकामा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ।

कोभिड-१९ विश्वव्यापी महामारीको असर सामान्य हुँदै गएपनि यसबाट अझै असरमुक्त भै सकेको अवस्था छैन । त्यसैले, विगतमा प्राथमिकतामा राखिएका क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई परिमार्जन गरी गाउँपालिकाले आगामी आ.व.को नीतिमा गाउँपालिकालाई महामारी व्यवस्थापनमा सक्षम एवं सशक्त बनाई स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । बदलिंदो परिस्थिती र आवश्यकतालाई आत्मसाथ गरी माथि उल्लेख गरिएका आधारहरुलाई अवलम्बन गरी **"हामी सबैको शान, समृद्ध सुनकोशी हाम्रो अभियान"** मूल नारालाई साकार पार्न यस गाउँपालिका आ.ब. २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम केन्द्रित हुनेछ ।

## २. विद्यमान परिवेश

क) नेपालको संविधान जारी भएपछि दोश्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ तथा भय रहित वातावरणमा सम्पन्न निर्वाचनले संघिय लोकतन्त्रिक गणतन्त्रलाई जगैदेखि बलियो बनाएको छ । सबै खाले संशय र भ्रमका बाबजुत सुनकोशी गाउँपालिकाको निर्वाचन प्रक्रियामा उत्साहका साथ सहभागी हुनु हुने सम्पूर्णा मतदाता तथा सफल बनाउन लाग्नु हुने कर्मचारी साथीहरु प्रति सुनकोशी सरकार हार्दिक आभार व्यक्त गर्दछ ।

ख) नयाा जनादेश सहित निर्धारित समयमा नै स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित समाजवाद प्रतिको प्रतिबद्धतालाई दिगो, शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशा तर्फ सुनकोशी गाउँपालिकाको स्थानीय प्रशासन चुस्त र दुरुस्त रुपमा अग्रसर रहेको छ ।

ग) भ्रष्टाचार नियन्त्रण, शुसासन प्रदान र पारदर्शी नेतृत्व प्रदान गर्न सरकार प्रतिबद्ध छ ।

घ) कृषि, पर्यटन, साना उद्योग, पूर्वाधार निर्माण मार्फत आन्तरिक उत्पादन वृद्धि गरी सभ्य सुसंस्कृत, सहिष्णु समाज निर्माण गर्ने पहल गर्नु पर्नेछ । भरखरै सम्पन्न स्थानीय तहको निर्वाचनमा जनप्रतिनिधिहरुले जनता समक्ष राख्नु भएको आश्वासनको तुलनामा गाउँपालिकासँग सिमित श्रोत साधन मात्र भएकोले सुनकोशीवासीको आकांक्षा एउटै बजेटबाट पूरा हुने देखिदैन ।

## ३.	विकास तथा समृद्धिको लागि गरिएको महत्वपूर्ण प्रयास, अवसर र चुनौतिहरु :

क)	संघीयता कार्यान्वयनको तल्लो इकाईका रहेको स्थानीय सरकारको अभ्यास गर्दै जाने सन्दर्भमा विकास र समृद्धिको लागि सुनकोशी गाउँपालिकाले आर्थिक, सामाजिक, राजनैतिक, वातावरणीय लगायतका पक्षमा महत्वपूर्ण पहलकदमी चाल्दै आएको छ ।

ख)	यस क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत लगायतका आधारभुत आवश्यकताको सन्दर्भलाई उच्च प्राथमिकतामा राखी बजेट तर्जुमा गर्नुलाई सुनकोशी गाउँपालिकाको महत्वपूर्ण प्रयासको रुपमा लिइएको छ ।

ग)	यद्यपी, जनताको असिमित चाहना, बजेटको सिमित सीमा भित्र रही सम्बोधन गर्नुपर्ने अवस्था, सुनकोशी गाउँपालिकाको खानेपानी समस्या, कृषिलाई वैज्ञानीकीकरण तथा व्यवसायीकरण गर्नु, डिजिटल प्रशासनको विकास गर्नु लगायत धेरै चुनौतीहरु यो नीति तथा कार्यक्रम प्रस्तुत गरी रहँदा हाम्रो बीचमा रहेको छन् ।

घ)	सबै खाले चुनौतीहरुको सामना गर्दै समृद्ध सुनकोशी गाउँपालिका बनाउन हाम्रो बीचमा राजनैतिक र प्रशासनिक दुई सार्वजनिक संयन्त्रहरुको अथक मेहेनत तथा समुच्च प्रयास रहनु हाम्रो लागि अत्यन्तै सुनौलो अवसरको रुपमा समेत रहेको छ ।

## ४. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु :

क) नेपालको संविधान (२०७२), स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय सरकारको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, नेपाल सरकारबाट विभिन्न समयमा जारि भएका नीति निर्देशन, मार्गदर्शन, नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेका दिगो विकासका लक्ष्यहरु, यस सुनकोशी गाउँपालिकाबाट जारि भएका विभिन्न ऐन, नियमावली, आचारसंहिता, कार्यविधि, राजश्व परामर्श समितिका निर्णयहरु, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका निर्णयहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरु, विभिन्न विषयगत समितिका बैठकका निर्णयहरु, गाउँ कार्यपालिकाका विभिन्न समयमा भएका निर्णयहरु र गाउँ कार्यपालिकाको मार्गदर्शनको अधिनमा रही स्थानीय सरकार संचालन ऐन २०७४ को अनुसरण गर्दै टोल वस्तीबाट छनौट भई वडा समितिबाट प्राथमिकिकरण गरेर ल्याएका कार्यक्रमहरु तथा सुनकोशी गाउँपालिकाका गौरवका योजना समेतलाई मध्यनजर गरी सुनकोशी गा.पा.को आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

ख) गाउँको सिंहदरवारको रुपमा रहेको स्थानीय सरकारको हालसम्मको अभ्यास, अनुभव र सिकाईलाई आत्मसाथ गरी गाउँपालिकाको आफ्नो कार्य प्रक्रिया जनभावना अनुरुप विस्तृतीकरण गर्दै लगिएको छ । स्थानीय सरकार संचालन ऐनमा उल्लेखित अधिकारका विषयहरुलाई कार्यान्वयन गर्न थप संस्थागत सक्षमताको सवलीकरण गर्दै **"हामी सबैको सान, समृद्ध सुनकोशी हाम्रो अभियान"** लाई साकार पार्नु हामी सबैको दायित्व हो ।

# ५. चालु आ.व. को हालसम्मको प्रमुख उपलब्धीहरु :

## क) आर्थिक विकास :

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| क) | आर्थिक विकास | २३४१९००० | ९९७३४५० | ४२.५९ | १३४४५५५० |
| १ | कृषि | ८७०००००० | ४४०६८८१ | ५०.६५ | ४२९३११९ |
| २ | उद्योग | २९०००००० | १७४०६८९ | ६०.०२ | ११५९३११ |
| ३ | पर्यटन | १७०००००० | ५०००००० | २९.४१ | १२०००००० |
| ४ | जलश्रोत तथा सिंचाई | ८१२५००० | १९३१८१० | २३.७८ | ६१९३१९० |
| ५ | पशुपन्छी विकास | १९९४००० | १३९४०७० | ६९.९१ | ५९९९३० |

## ख) सामाजिक विकास :

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| क) | सामाजिक विकास | ३१६४४२६३३ | १६४९१३१३० | ५२.११ | १५१५२९५०३ |
| १ | शिक्षा | २१४०५६००० | १३२४८८०५५ | ६१.८९ | ८१५६७९४५ |
| २ | स्वास्थ्य | ४४१८९००० | २२५४६३४२ | ५१.०२ | २१६४२६५८ |
| ३ | खानेपानी तथा सरसफाई | २९४८३९७५ | ३६९०२९८ | १२.५२ | २५७९३६७७ |
| ४ | भाषा तथा संस्कृति | २६२५००० | ५४५१३७ | २०.७७ | २०७९८६३ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५२१४३९३ | २७२२१६० | ५२.२० | २४९२२३३ |
| ६ | युवा तथा खेलकुद | १४८८२६५ | ८२८४२३ | ५५.६६ | ६५९८४२ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १९३८६००० | २०९२७१५ | १०.७९ | १७२९३२८५ |

## ग) पूर्वाधार विकास :

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| क) | पूर्वाधार विकास | ८६८१५००० | ४१७४५२७९ | ४८.०९ | ४५०६९७२१ |

## घ) सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र :

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| क) | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३४५४००० | १०९२९७०३ | ८१.२३ | २५२४२९७ |
| १ | विपद व्यवस्थापन | ११०००००० | ९६७८७९८ | ८७.९९ | १३२१२०२ |
| २ | कानुन तथा न्याय | ५००००० | ८४२०० | १६.८४ | ४१५८०० |
| ३ | तथ्यांक प्रणाली | १७५४००० | ११६६७०५ | ६६.५२ | ५८७२९५ |
| ४ | श्रम तथा रोजगारी | २००००० | ० | ० | २००००० |

ङ) कार्यालय संचालन तथा प्रशासनिक :

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| क) | कार्यालय संचालन तथा प्रशासनिक | ९५७४७००० | ५७१३३४९१ | ५९.६७ | ३८६१३५०९ |
| १ | कार्यालय संचालन तथा प्रशासनिक | ९५७४७००० | ५७१३३४९१ | ५९.६७ | ३८६१३५०९ |

## ६. विषय क्षेत्रगत नीति तथा कार्यक्रम :

आगामी आ.व. २०७९/०८० को विषय क्षेत्रबाट वार्षिक नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु ।

# आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरु

### १. सामाजिक विकास नीति :

#### १.१. स्वास्थ्य

- एक पालिका एक सामुदायिक अस्पतालको नीति अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आ.व. २०७७/०७८ मा यस गाउँपालिकाको वडा नं. ३ मा रहेको झा.रा. स्वास्थ्य चौकीको स्तरोन्नती गरी १५ शैयाको अस्पताल निर्माण गर्ने कार्यक्रम प्राप्त भएकोमा उक्त अस्पताल स्तरोन्नतीको डि.पि.आर. निर्माण भई स्वीकृतीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाइएको । हालको स्वास्थ्य चौकीसँग जोडिएको जग्गाको गाउँपालिकाको तर्फबाट प्रारम्भिक वातवरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी जग्गा प्राप्तिको लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा भू-संरक्षण विभागमा जग्गा प्राप्तिको प्रक्रिया उपर कारवाही भई रहेको छ । उक्त स्वास्थ्य चौकीको स्तरोन्नतीको कार्यलाई आ.व. २०७९/०८० मा पनि प्राथमिकता प्रदान गरीनेछ ।
- कोभिड-१९ महामारीको अवस्था सामान्य हुँदै गए पनि यसको पुनरावृत्ति हुने सम्भावनालाई मध्यनजर गरी जनस्वास्थ्य मापदण्ड पालना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- सुनकोशी गाउँपालिकाबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नको लागि नेपाल सरकारले तोके बमोजिमका औषधि खरिद गरी प्रत्येक स्वास्थ्य संस्थाबाट निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र **“सुरक्षित मातृत्व, सुनकोशी गाउँपालिकाको दायित्व”** नारा कार्यान्वयनका लागि गर्भवती महिलाको परिक्षण र पोषण सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ गाउँपालिका मार्फत संचालित पोषण कार्यक्रममा पनि सो नारालाई मूल प्रवाहीकरण गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी शाखा सिन्धुली मार्फत निःशुल्क रक्त दान शिविर सेवा संचालन गरिनेछ ।
- आयुर्वेद सेवा कार्यक्रमलाई सुदृढ गरी योगा र आयुर्वेदीय पद्धती मार्फत रोग प्रतिरोधी क्षमता विकासका कार्यलाई प्राथमिकता प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका दीर्घ रोगीहरुलाई प्रदान गरिदै आएको स्वास्थ्य उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किशोर किशोरीको प्रजनन् स्वास्थ्यका लागि सुदृढ स्वास्थ्य सेवा एवम् व्यवहारिक यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रमलाई विद्यालय तहमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- विपन्न परिवारको पहिचान गरी **“निःशुल्क स्वास्थ्य बीमा”** कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकासमा क्रमशः जोड दिइनेछ ।
- सुरक्षित मातृत्व सुनकोशी गाउँपालिकाको दायित्व भन्ने नारालाई सार्थक बनाउन बर्थिङ्ग सेन्टरहरुको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा प्राथमिकताका साथ बजेट व्यवस्था गरिनेछ र नाइट ड्यूटी भत्ता समेतको यथोचित व्यवस्था गरिनेछ । स्वास्थ्य सेवाको प्रोटोकल अनुसार पूर्व तथा उत्तर प्रशुती जाँच सेवा लिन र संस्थागत सुत्केरी हुन उत्प्रेरणा जगाउने कार्यक्रमहरु संचालन गरिनेछ । साथै, यस गाउँपालिकाले घोषणा गरे अनुरुप स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई दूरीको आधारमा थप यातायात खर्च दिने व्यवस्था कार्य विधि अनुरुप कार्यानवयन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई महत्वका साथ हेर्दै प्रोत्साहन भत्ता दिने स्थानीय स्वास्थ्य तथा सरसफाई ऐनको व्यवस्था कार्यान्वयन गर्दै ऐन बमोजिम उमेर पुगेका महिला स्वास्थ्य स्वयम्

सेविकाहरुलाई सम्मानजनक विदाई गरी समयानुकूल नयाँ स्वयम् सेविका व्यवस्था गरिनुका साथै आधारभूत तालिम प्रदान गरिनेछ ।

- खोप कार्यक्रमलाई सुदृढीकरण गर्न खोप कार्यकर्ताहरुलाई उतप्रेरणात्मक कार्यक्रम ल्याइनेछ ।
- अति गरिब/असहाय/घरवार बिहिनहरुको प्राथमिक उपचार व्यवस्थाको लागि यथोचित आर्थिक सहयोग गर्ने नीति लिइनेछ ।
- गाउँ गाउँसम्म विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न जनरल स्वास्थ्य शिविर तथा पाठेघर स्क्रिनिङ्ग शिविरहरु संचालन गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा वर्षै भरी निःशुल्क औषधिको अभाव हुन नदिन आवशयक व्यवस्था गरिनेछ ।
- स्थापना भई सकेका सामुदायिक स्वास्थ्य ईकाई लगायतका स्वास्थ्य संस्थालहरुलाई क्रमशः सबलिकरण र स्तरोन्नती गर्ने नीति लिइनेछ ।
- पालिका स्तरीय आधारभूत अस्पताल यथाशिघ्र संचालनमा ल्याउने तर्फ क्रियाशील रहने नीति लिइनेछव ।
- कोभिड-१९ लगायत सरुवा रोगहरुबाट आइ पर्न सक्ने महामारीजन्य परिरस्थितीसँग तत्काल प्रतिकार्य गर्न संयन्त्र तथा कोष निर्माण गरी तयारी अवस्थामा रहने व्यवस्था गरिनेछ ।
- बाह्य खोप केन्द्र र गाउँघर क्लिनीक संचालन हुने स्थानमा क्रमशः भवन निर्माण लगायत आवशयक पूर्वाधार व्यवस्थापन गरिनेछ ।
- पालिकालाई पूर्ण सरसफाई घोषणा गर्ने कार्यदिशा तर्फ निर्देशित भई क्रमशः कार्यान्वयनमा लगिनेछ ।
- नसर्ने रोगहरुको नियमित स्क्रिनिङ्ग गर्ने र रोकथाम तथा प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछव ।
- मानसिक रोगहरुको रुग्णता दर बढ्दै गई रहेको सन्दर्भमा स्वास्थ्य चौकी तहसम्म मानसिक रोगीको उपचार र व्यवस्थापन सम्बनधी तालिम प्राप्त जनशक्ति क्रमशः व्यवस्थापन गर्दै उपचारको व्यवस्था मिलाउने र समय समयमा विशेषज्ञ सेवाको समेत व्यवस्था मिलाइने नीति अवलम्बन गरिनेछ ।

## १.२. शिक्षा

**"गुणस्तरीय, जीवनोपयोगी र परिवर्तित परिस्थितिमा समायोजना हुने सभ्य र सक्षम जनशक्ति उत्पादन"** भन्ने दुरदृष्टि सहित सुनकोशी गाउँपालिकाद्वारा तयार गरिएको "शिक्षा नीति २०७७" मा भएका कार्यनीतिगत व्यवस्थाहरुको कार्यान्वयनलाई प्राथमिकता प्रदान गरी सोको अलावा देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

- सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यलाई जोड गरिनेछ ।
- बौद्धिक अपांगता भएका विद्यार्थीहरुका लागि गाउँपालिका क्षेत्र भित्र संचालन गरिएको पठनपाठनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरि कक्षा छोड्ने दरलाई शुन्यमा झार्ने नीति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्थापन गरिनेछ ।
- सुनकोशी गाउँपालिका भित्र एक आवासीय विद्यालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- बहु प्राविधिक विद्यालय निर्माण र संचालन गर्न प्रदेश सरकारसँग निर्णयार्थ अनुरोध गरिनेछ ।
- विपन्न एवं जेहेन्दार छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- महामारीका समयमा वैकल्पिक शिक्षण पद्धति मार्फत शिक्षण कार्य संचालन गर्न विद्यालयहरुलाई जिम्मेवार बनाइनेछ ।
- प्राकृतिक प्रकोप, महामारीबाट उत्पन्न विपदका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाईमा हुने अवरोध, विद्यार्थीले विद्यालय छाड्ने बाध्य हुने अवस्था न्यूनीकरण गरी नियमित र भय रहित पठनपाठन गर्न उत्थानशील शिक्षा नीतिको अवलम्बन गरिनेछ ।
- आधारभूत तहको स्थानिय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएकाले सोको प्रभावकारी कार्यान्वयन गरिदै लगिनेछ ।
- मानव तथा राष्ट्रिय विकास समाज (HANDS) सिन्धुली, नेपाल मार्फत बालिकाले समान रुपमा सिक्ने परियोजना संचालन गरिनेछ ।

## १.३. खानेपानी तथा सरसफाई

- एक घर एक धारा नीति अन्तर्गत सुनकोशी गाउँपालिका भित्रका प्रत्येक घरपरिवारमा स्वच्छ, सफा र पर्याप्त पिउने पानीको व्यवस्थापनका लागि सुक्दै गएको पानीको मुहान संरक्षण योजना सहित सुनकोशी लिफ्ट खानेपानीको व्यवस्था गरिनेछ ।
- फोहोरलाई मोहरमा रुपान्तरण गर्ने गरी जैविक तथा अजैविक फोहोर व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- खानेपानी तथा सरसफाई प्रवर्द्धन एवम् व्यवस्थापनका लागि गाउँपालिकाले लिइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुनकोशी गाउँपालिका भित्र लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाईको विद्युत महसुलमा ७५% गाउँपालिकाले किसानहरुलाई राहत स्वरुप अनुदान उपलब्ध गराउँदै आएकोमा त्यसलाई बढाई १००% पुऱ्याइनेछ ।
- सरसफाई सचेतना अभिवृद्धिका लागि व्यक्तिगत, पारिवारीक र सामुदायिक सरसफाईको बानी बसाली जिवनोपयोगी बनाउन सन्देशमूलक र जनचेतनामूलक सामग्रीको निर्माण गरी प्रचारप्रसार गरिनेछ ।
- नेपाल स्वास्थ्यको लागि पानी (नेवा) संस्था र नेपाल रेडक्रस सोसाइटीसँगको लागत साझेदारीमा खानेपानी तथा सरसफाई कार्यक्रम संचालनमा जोडदिइनेछ ।
- सामुदायिक स्वास्थ्य र सरसफाईका लागि टोल सुधार समिति, आमा समूहहरु, बालसमूहहरु लगायत समुदाय स्तरका संघ संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको १० वर्षिय खानेपानी, सरसफाई र स्वच्छता योजना (Wash Plan) निर्माण भै सकेकोले सो को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

## १.४. सामाजिक सुरक्षा/समाबेशिकरण/गरिबी निवारण

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सर्वसुलभ बनाउन पायक पर्ने बैंक तथा वित्तीय संस्था मार्फत वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय व्यक्तिहरुको लगत अद्यावधिक गरी परिचय-पत्र लगायतका सामाजिक सुरक्षाका अन्य सुविधाहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- महिला बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका नागरिक, अल्पसंख्यक, सिमान्तकृत वर्ग तथा असहाय एकल महिलाहरुको लागि लक्षित गरिएका बजेट तथा कार्यक्रमहरुलाई निरन्तरता दिई यस्ता कार्यक्रमहरुको प्रभावकारीता वृद्धिको लागि आवश्यक पहल गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यून आय भएका बेरोजगार व्यक्तिहरुलाई कार्यक्रम प्रति आकर्षित गरी निजहरुको आयस्तरमा वृद्धि गर्दै गरिबी निवारणको लक्ष्यलाई प्राप्त गरीनेछ ।
- दिगो विकास लक्ष्यले तय गरेको सबै प्रकारका गरिबी अन्त्यको लक्ष्य प्राप्तिका लागि गाउँपालिका मार्फत संचालन हुने कार्यक्रमहरुमा गरिबी निवारणको लक्ष्यलाई मूल प्रवाहीकरण गरिनेछ ।
- नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम मार्फत विपन्न परिवारको पहिचान गरी विद्युतीय चुलो वितरण गर्ने नीति लिइनेछ ।
- नेपाल रेडक्रस सोसाइटी शाखा सिन्धुलीबाट संचालन गरिने सब-बाहान व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।
- सामाजिक सुरक्षा तथा संरक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला, दलित, आदिवासी, जनजाति, युवा तथा बालबालिका जस्ता समूहको क्षमता अभिवृद्धिका लागि संचालन गर्दै आएका लक्षित कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- वालविवाह न्यूनिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.५ खेलकुद

- गाउँपालिका भित्र निर्माण भएका खेलकुद मैदानहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- विद्यालय तहमा विद्यालय स्तरीय, वडा स्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।
- सुनकोशी गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

## १.६ सामाजिक परिचालन

- लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ ।
- राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

## १.७ न्यायिक

- मेलमिलाप कर्ता र जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ ।
- विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।
- कानूनी परामर्श दाताको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

## १.८ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति :

- सुनकोशी गाउँपालिका भित्र हुने महिला हिंसा तथा घरेलु हिंसा अन्त्यका लागि सचेतनामूलक कार्यक्रम संचालनका साथै सीप तथा व्यावसायिकता विकासका कार्यक्रम तर्फ उन्मुख गराई आर्थिक रुपमा आत्मनिर्भर हुने अवसर सिर्जना गरिने छ ।

- समुह सहकारीमा महिलाहरुको सहभागिता वृद्धि गराई सामुहिक व्यवसाय संचालनलाई अभिप्रेरित एवं प्रोत्साहन गरिने छ । सामुहिक रुपमा व्यवसाय गरि उत्पादन वढाउने कार्यमा संलग्नलाई बिना धितो सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन गाउँपालिकाबाट सिफारीस गरिने छ ।

- महिलाहरुको क्षमता विकास तथा नेतृत्व विकासका कार्यक्रम संचालन गरी शसक्तिकरण गरिने छ । लैंगिक समानता तथा महिला शसक्तिकरण कार्यक्रमलाई अगाडि ल्याइने छ ।

- घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालनका लागि टोल विकास संस्था गठन गरी सो संस्था मार्फत कार्यक्रम अगाडी बढाइने छ । मानव बेचविखन, देहव्यापार, तथा ओसार पसार जस्ता जघन्य अपराध नियन्त्रणका लागि प्रत्येक टोल टोलमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

- लैंगिक हिंसाबाट पिडित तथा प्रभावितहरुको लागि लैंगिक हिंसा राहत कोषमा वजेट व्यवस्था गरी कोष मार्फत पिडित तथा प्रभावितका लागि राहत उपलब्ध गराइने छ ।

- बालविवाह दुरुत्साहन गर्न स्नातक तह उत्तीर्ण गरेर विवाह गर्ने किशोरीलाई सम्मान स्वरुप रु. १० हजार प्रदान गरिनेछ ।

- विद्यालय विमुख किशोरीहरुको लागि सीप विकास कार्यक्रम मार्फत रोजगारीको अवस्था सिर्जना गरिने छ ।

- सुनकोशी गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका बनाउन होटल, कलकारखाना तथा उद्योगमा अनुगमन गरी सुसूचित गराउन व्यवसायी तथा अभिभावकसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

- आपतकालिन तथा जोखिममा रहेका बालबालिकाहरुको लागि बालउद्धार कोष मार्फत आर्थिक सहायता उपलब्ध गराइने छ ।

- ज्येष्ठ नागरिकहरुको अनुभव आदान प्रदानको लागी अन्तरपुस्ता अन्तरसीप हस्तान्तरण कार्यक्रम वडास्तरमा संचालन गरिने छ ।

- फरक क्षमता (अपांगता) भएका व्यक्तिहरुलाई उनिहरुको अवस्थाको पहिचान गरी सीप विकास मार्फत आर्थिक सवलीकरण गरिने छ ।

- अपांगता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यकताको आधारमा सहयोग सामग्री उपलब्ध गराइने छ ।

- मानव बेचबिखन, देहव्यापार तथा ओसार पसार जस्ता जघन्य अपराध नियन्त्रणका लागि प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

- सुनकोशी गाउापालिकामा हुने बालविवाह अन्त्यका लागि बालविवाह विरुद्धको अभियान संचालन गरी व्यापक प्रचारप्रसाद गरिनेछ। वडास्तरमा भएका बाल क्लब तथा किशोरी सञ्जालको क्षमता विकास गरी क्रियाशिलता बढाइनेछ ।

- बालबालिकाको हक अधिकारको सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ ।

- घुम्ती शिविर संचालन मार्फत ज्येष्ठ नागरिक तथा अपांगता परिचय पत्र वितरणलाई प्रभावकारीा बनाइनेछ ।

- ३५ वर्ष भन्दा माथि ५९ वर्षसम्म अविवाहित एकल महिलालाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

- अपांगता भएका “ग” र “घ” वर्गका परिचय-पत्र लिएका व्यक्तिलाई आर्थिक सहायता उपलबध गराइनेछ ।

- बालमैत्री गाउँपालिका बनाउन एक वडा छनौट गरी कार्यक्रम संचालन गरिनेछ ।

- महिलाहरुको निजामती सेवामा प्रवेशका लागि लोकसेवा तयारी कक्षा संचालनमा ल्याइनेछ ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीती (GESI) तयार गरिएकोले सो को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

### १.९ पोषण सम्बन्धि नीति :

- बहुक्षेत्रीय पोषण कार्यक्रम : प्रजनन् उमेर समूहका महिला, ५ वर्ष मुनिका बालबालिका र किशोर किशोरीहरुमा हुने सबै खाल्का कुपोषण घटाउन नेपाल सरकारबाट प्राथमिकता प्राप्त कार्यक्रमका रुपमा बहुक्षेत्रीय पोषण योजना (दोश्रो) कार्यान्वयनमा ल्याइनेछ ।

## २. आर्थिक विकास नीति

### २.१ कृषि तथा पशुपालन :

- सुनकोशी गाउँपालिकामा उत्पादित कृषि उपजको बजारीकरणका लागि निर्माण भएको संकलन केन्द्र संचालनमा निरन्तरता दिइनेछ ।

- किसान सूचीकरण कार्यक्रम संचालन गरी किसानको अभिलेख व्यवस्थित बनाइनेछ ।

- नयाँ सुन्तला र अमिलो जातका फलफूल बाली पकेट विकास कार्यक्रम संचालन
गरिनेछ ।

- बालिजन्य किरा तथा प्रकोप नियन्त्रणका लागि विषादी खरिद गरी किसानलाई निःशुल्क वितरण गरिनेछ ।

- आलु ब्लक, फलफूल एवं तरकारी पकेट क्षेत्र कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

- कृषि प्रसार तथा कृषकहरुको क्षमता विकासका लागि कृषकहरुलाई प्रविधि विस्तार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- विदेशबाट फर्केका युवाहरुलाई मागमा आधारित कृषि कार्यक्रम संचालन गर्न बिना धितो सहुलियतपूर्ण कर्जा प्रदान गर्न वाणिज्य बैंकसँग सहजीकरण गर्दै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

- उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- पशुपंक्षिहरुमा देखिने महामारीजन्वय रोग गाउँपालिकाबाटै उन्मुलन गर्नका लागि ७ वटै वडाहरुमा पशुपंक्षीमा लग्ने महामारीजन्य रोगहरु विरुद्ध भ्याक्सिनेसनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- हरेक वर्ष पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको कारण पशुपालक कृषकहरुको अधिक रुपमा आर्थिक क्षती हुन नदिनका लागि पशु सेवा शाखाबाट प्रत्येक वडाको विभिन्न स्थानहरुमा पशुपंक्षीको औषधि निःशुल्क वितरण गरीनेछ ।

- हाल पशुहरुमा गम्भिर रुपमा देखा परेको प्रजनन् सम्बन्धी र शारीरिक विकासको समस्याहरुलाई निराकरण गर्न सबै कृषकको घरदैलोमा पुग्ने गरी भिटामिन, मिनरल र अन्य पौष्टिक तत्वहरुको निःशुल्क वितरण गरीनेछ ।

- जलवायु परिवर्तन र यसबाट सिर्जित परिस्थितीका कारण कृषि तथा पशु पालन क्षेत्रको उत्थान गर्न जलवायु मैत्री तथा जलवायु उत्थानशील कृषि प्रणाली अवलम्बन गर्न कृषकलाई प्रोत्साहित गर्दै लगिनेछ ।

- सुनकोशी गाउँपालिका भित्र उत्पादन हुने खाद्यान्न तथा तरकारीको क्रप कटिङ्ग गरी उत्पादकत्व पत्ता लगाउने कार्यलाई जोड दिइनेछ ।

- कृतिम गर्भधान मिशन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- धानबाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

- कृषि, पशुपन्छि तथा मत्स्य तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रम संचालन गरिनेछ ।

- वडा नं. २ कमेरेफाँट मा निर्माण भएका ४ वटा पोखरीमा माछापालन व्यवसाय संचालन गरी आय आर्जन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

- विपन्न कृषकको पहिचान गरी कृषि तथा पशुपन्छि विमा ार्यक्रम संचालन गरिनेछ ।

## २.२. पर्यटन :

- नीतिगत एवं कानुनी व्यवस्था गरी गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

- सित्तलपाटी, मालेपाटी, मुलकोट पाटी, वि.पि. पार्क, फापर चुली र बोटानीकल गार्डनलाई पर्यटकीय क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।

- मुकुटेश्वरी मन्दिर, विश्वेश्वरी गाईखुरा महादेव मन्दिर, प्रतानेश्वरी महादेव मन्दिर, कुशेश्वर महादेव, गणेश मन्दिर, सुलुथुम्को मन्दिर, सिद्धबाबा मन्दिर, फापरचुलीको शिव मन्दिर, मझुवा ठूलो पोखरीको देवथान, ओम माने, छोड्तेन गुम्बा सहस्रधारा देवी मन्दिर, अमारे पानी पोखरी र बालमीकेश्वरी मन्दिरलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरिनेछ ।

- निजी क्षेत्रसँगको सहकार्यमा सुनकोशी ऱ्याफ्टिङ्ग लगायत साहसिक पर्यटन गतिविधिलाई वृद्धि गर्दै निजी क्षेत्रको आर्थिक वृद्धिको नीति अवलम्बन गरिनेछ ।

## २.३. उद्योग तथा बाणिज्य

- उपयुक्त स्थानको छनोट गरी औद्योगिक ग्राम निर्माणका लागि संघ र प्रदेशसँग पहल गरिनेछ ।
- यस सुनकोशी गा.पा लाई उद्योग मैत्री बनाई स्थानीय उत्पादनलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउन प्रोत्साहन गरिने छ ।
- सुनकोशी गाउँपालिका क्षेत्र भित्र लघु उद्योग र घरेलु उद्योस्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार, व्यवसाय मेला/महोत्सव आयोजना गरी गराई व्यापार व्यवसायको प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।
- राज्यको समावेशी नीति अनुसार प्राथमिकतामा परेको जातजाति तथा समुदायलाई लघु तथा घरेलु उद्यम व्यवसाय संचालनका लागि कानुन बनाई प्रोत्साहन गर्न पहल गरिनेछ ।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि यस क्षेत्र भित्र भएका सबैखाले साधन स्रोतको संरक्षण र प्रवर्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगमा लगानी गर्न प्राथमिकता दिईनेछ ।
- ऐन, नियम र कार्यविधिको निर्माण गरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका र संचालन गर्न इच्छुक व्यापार व्यवसाय र उद्योगलाई सुलभ किसिमले दर्ता, नविकरण तथा नियमन गरिनेछ ।
- छिमेकी स्थानीय तहहरु सँगको समन्वयमा गाउँपालिकालाई तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारीमा संचालन गर्ने र गर्नका लागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

- गा.पा. भित्र संचालित होटल, किराना पसल, फेन्सी, श्रृङ्गार सामग्री पसल, मेडिकल, भेटेनरी, इट्टा उद्योग, ब्लक उद्योग लगायत सम्पूर्ण उद्योग, व्यापार र व्यवसायलाई करको दायरामा ल्याइनेछ ।

- व्यवसायको नियमित अनुगमन गर्दा मापदण्ड पूरा नगर्ने, कालो बजारी गर्ने र करको दायरामा नआउने व्यवसायीलाई कारवाही गर्ने र उत्कृष्ट व्यवसायीलाई वार्षिक रुपमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

- उपलब्ध सीप, ज्ञान, प्रविधि र पूँजीलाई गाउँपालिकाको विकासमा उपयोग गरिनेछ ।

- यस क्षेत्र भित्र परम्परागत रुपमा संचालित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन तथा स्तरोन्नती गरी गाउँपालिकाको आर्थिक विकासमा योगदान वढाईने छ ।

- उद्योग, व्यापार, व्यवसाय दर्ता प्रक्रियालाई सरल, सहज बनाउन सातै वटा वडाहरुमा शिविर संचालन गरिनेछ ।

- विगत वर्षहरुमा गाउँपालिका र सहकारी संस्थाको साझेदारीमा स्थापना एवं संचालन भएका उद्योगहरु हाल निस्कृय अवस्थामा रहेकोले त्यस्ता उद्योग संचालन गर्ने सहकारीसँग छलफल एवं उद्योगको स्थलगत अनुगमन गरी त्यस्ता उद्योगलाई त्यही स्थानमा वा अन्य स्थानमा सार्न पहल गरिनेछ ।

| वडा नं. | उद्योग |
|---|---|
| १ | टपरी उद्योग र धान मील |
| २ | माछा पालन उद्योग |
| ३ | फाइबर झोला उद्योग |
| ५ | खानेपानी र साबुन उद्योग |
| ६ | ढाका उद्योग |
| ७ | सिस्नु धुलो प्रशोधन |

## २.४ सहकारी, वित्तीय क्षेत्र तथा गैह्रसरकारी संस्था :

- सहकारीहरु मार्फत संचालनमा रहेका व्यवसायहरुलाई प्रोत्साहन गरिनेछ । सहकारी साझेदारीमा संचालित व्यवसायिक उद्यमशीलतालाई ३ खम्बे अर्थ नीति अनुसार प्रवर्द्धन गरिनेछ ।

- सहकारीमा लागत पूँजी वृद्धिका लागि सहकारी संस्थाहरुको मर्ज प्रकृयालाई प्रोत्साहित गरिनेछ ।

- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।

- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

- सहकारीमा आवद्ध समुह सदस्यलाई व्यावसायिकता विकास तर्फ उन्मुख गराई आर्थिक रुपमा सवल सहकारीलाई उत्कृष्ट सहकारी घोषणा गरी प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

- सहकारी संस्थाहरुको दिगोपना, सेवाप्रवाह र वित्तीय व्यवस्थापन लगायतका क्षेत्रको नियमित अनुगमन, निरीक्षण गरी दण्ड-पुरस्कार प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

- सुनकोशी गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई केन्द्रिय सूचना प्रणालीमा आबद्ध गराइनेछ ।

## २.५ जग्गा व्यवस्थापन :

- राष्ट्रिय भूमि आयोगबाट संचालित दलित भूमिहिन र अव्यवस्थित बसोबास कार्यक्रम संचालनमा सहजीकरण र सहयोग गरिनेछ ।

## २.६ पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन सम्बन्धि नीति :

- सुनकोशी गाउँपालिकाभित्रका सबै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका मठमन्दिर, पाटीपौवा, गुम्वा विहार, गुफा, पोखरीहरुलाई संरक्षण, सम्वर्द्धन गरिनेछ ।

- सिमान्तकृत तथा लोपोन्मुख जातिको संस्कृतिलाई गाउँपालिका भित्र एउटा संग्रहालयको रुपमा स्थापना गर्न पहल गरिनेछ ।

- मध्य तथा उच्च पहाडी भेगमा अवस्थित मगर, तामाङ, हायू कला संस्कृति, रहनसहन, रीतिरिवाज र भेषभुषालाई पर्यटकीय आकर्षणका आभुषणको रुपमा विस्तार र उजागार गरिनेछ ।

## २.७ रोजगारी तथा मानव संशाधन विकास

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी ढंगबाट अगाडी बढाइनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत **"रोजगारी सृजना कार्यक्रम"** प्राप्त भएकोमा सो कार्यको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

- कृषि लगायत अन्य उद्यम संचालन गर्ने उद्यमीहरुका लागि आवश्यक पूँजी व्यवस्थापन गर्न आ.व. ०७७/०७८ मा सुरु गरिएको सहुलियतपूर्ण कर्जा प्रवाहका लागि वाणिज्य बैंकहरुसँग सहजीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत समूहमा प्रविधि हस्तान्तरण, उद्यमीको स्तरोन्नती र नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम संचालन गरी  दिगो र बजार माग अनुसारको रोजगारी सृजना गरिनेछ ।

## ३.	वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

### ३.१.	वन वातावरण तथा जलवायु परिवर्तन

- वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावलीमा समयानुकूल परिवर्तन गर्दै मानव उपयोगी नीति अख्तियार  गरिनेछ ।
- सुनकोशी गाउँपालिका क्षेत्र भित्र कायम रहेका सरकारी, गैर सरकारी कार्यालय र विद्यालय स्वयम्ले वृक्षारोपण गरी न्यूनतम् १०० वटा विरुवा हुर्काउन अनिवार्य गरिनेछ ।
- सुनकोशी गाउँपालिका स्थित डिभिजन वन कार्यालयसँगका सहकार्यमा **“एक घर एक अशोक, एक वडा एक नर्सरी”** अनिवार्य नीति लिइनेछ ।
- “**एक रुम, एक गमला”** को नीति अवलम्बन गरिनेछ ।
- संघ/प्रदेश सरकारसँगको सहकार्यमा प्राचीन पानीपोखरी, धारालाई संरक्षण, सम्बर्द्धन गर्ने नीति लिइनेछ ।
- वन कार्यालयसँग समन्वय र सहकार्य गरी गाउँपालिका क्षेत्रमा अवस्थित रहेको सार्वजनिक तथा खाली जग्गामा उद्योग मैत्री वृक्षारोपण गरी वातावरण सन्तुलन कायम गरिनेछ ।
- सडक पूर्वाधारको तीव्र विकास र विस्तारका कारणले सिर्जित भू-क्षयको समस्या समाधान गर्न निर्माण भएका सडक क्षेत्र दाँयाबाँया वृक्षारोपण कार्यलाई तीव्रता समेत दिने नीति एकैसाथ अघि बढाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र परम्परागत रुपमा रहेका कुवा, धारा, पँधेरालाई संरक्षण गरी स्वच्छ खानेपानी एक घर, एक धाराको नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा बहने खोला नाला नदीका कारण खेती योग्य जमिन, उद्योग, व्यापार, व्यवसायिक क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्न नदी

नियन्त्रण, तटबन्ध निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ लागू गरिनेछ ।

- व्यवसायिक प्रयोजनका लागि जथाभावी जमिन, खोला, नदी किनारमा उत्खनन् गर्ने कार्यलाई नियन्त्रण, नियमन र निरुत्साहित गर्दै लगिनेछ ।
- अन्य सरकारी एवं गैर सरकारी संघ संस्थासँग समन्वय र सहकार्य गर्दै वन वातावरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

## ३.२ विपद व्यवस्थापन तथा भू-संरक्षण

- गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिंदै प्रकृतिक प्रकोप, बाढी पहिरो, आगजनी जस्ता दैविक र आकस्मिक अवस्थाबाट सिर्जित समस्यामा विपद् व्यवस्थापन कोष केन्द्रित रहने र विपद् पर्दा सहजै सूचना प्रवाह गरी उद्धार र राहत प्रदानका लागि विपद् व्यवस्थापन कोषलाई शक्रिय पारिनेछ ।
- आकस्मिक रुपमा आई पर्ने विपद् व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बद्ध सबै संघ संस्थासँग समनवय र सहकार्य गर्दै विपद् कार्यमा आवश्यक सहयोग पुऱ्याउने नीति लिइनेछ ।
- व्यवसायिक मनसायले अनियन्त्रित प्राकृतिक श्रोत दोहन कार्य तत्काल रोकी प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण गरी, व्यवस्थित गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।
- महामारी, भूकम्प, बाढी पहिरो, हुरी बतास, चट्याङ्ग, विद्युत सर्ट, आगलागी, डढेलो, जंगली जनावरबाट हुने क्षति जस्ता प्राकृतिक र आकस्मिक रुपमा आई पर्ने विपद्को विषयमा संचार माध्यमबाट चेतनामूलक कार्यक्रम संचालन गरी चेतना अभिवृद्धि गरिनेछ ।
- आगजनि भएमा उक्त आगजनी नियन्त्रण गर्नको लागि गा.पा. तथा पक्की भवन भएका वडा कार्यालयहरुमा Fire Extinguishers को व्यवस्थापन गरिनेछ ।
- विपद्को व्यवस्थापन गर्न आवश्यक सामग्री संकलन गर्न कोष व्यवस्थापन गरी कोषको उचित परिचालन गरिनेछ ।
- विपदबाट अवरुद्ध सडकलाई मर्मत गरी पूर्ण सूचारु गरिनेछ ।

- गा.पा. भवन र वडा कार्यालयमा चट्याङबाट बचाउन अर्थिङ्ग र सिल्डिङ रडको व्यवस्था मिलाइनेछ ।
- विपद् व्यवस्थापन तथा प्रतिकार्य कार्य योजना बनाई लागू गरिनेछ ।

### ३.३ फोहोरमैला व्यवस्थापन

- बढ्दो सहरीकरण सँगसँगै फोहोरमैला व्यवस्थापनलाई थप व्यवस्थित गर्दै लगिनेछ । यस अर्न्तगत, फोहोरमैलाको संकलन, वर्गिकरण तथा वैज्ञानिक व्यवस्थापन गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि Dumping Site लाई प्रबलिकरण गरिनेछ । यसको सञ्चालन व्यवस्थापनमा जनसमुदायको सहभागितालाई प्राथमिकता दिइनेछ ।

- घरायसी फोहोर मैलाको न्यून उत्सर्जका लागि Reduce, Reuse र Recycle (3R) को नीति अवलम्बन गरिनेछ ।

- फोहरमैला व्यवस्थापनको लागि अन्तर गाउँपालिका साझेदारी कार्यक्रम संचालन गर्न छिमेकी गोलन्जोर गा.पा. सँग पहल गरिनेछ ।

## ४. पूर्वाधार विकास नीति

### ४.१ सडक तथा पुल :

- यस सुनकोशी गाउँपालिकाको महाभारत खण्डको “नागी-मतनवास-बन्दीपुर-कोटगाउँ-डाँगी-काफ्लेचौर” महाभारत कृषि सडकको निर्माण कार्य २०७९/०८० मा समेत निरन्तरता दिइनेछ ।

- सुनकोशी गाउँपालिकाको वडा नं. १ देखि ७ सम्म प्रत्येक वडामा न्यूनतम दुई मुख्य सडक बाह्रै महिना संचालनमा आउने गरी स्तरोन्नती गर्ने र दैनिक एउटा सार्वजनिक साधन संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्र निर्माण भएका र निर्माण हुने सवै कच्ची तथा ग्राभेल र पक्की सडकमा उचित एवम् ब्यवस्थित ढल, नल र जालिको प्रबन्ध गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्रको सडकहरुको अवस्था र अभिलेख व्यवस्थित बनाउन आ.व. ०७९/०८० मा सडक गुरु योजना (Municipal Transport Master Plan (MTMP)) तयार गरिनेछ ।

- निर्माण गरिएको तथा गरिने दुवै किसिमको पूर्वाधारहरुलाई दिगो विकासको सिद्धान्तका आधारमा सञ्चालन गरिनेछ ।

- गाउँपालिकाको पहिचान भएका मुख्य सडकहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा पक्की सडक निर्माण गरिनेछ ।

## ४.२ खानेपानी तथा सिंचाई

- सुनकोशी गाउँपालिकाको खासस्व योजना (WASH Plan) अनुसार प्राथमिकीकरणमा परेका खानेपानी तथा सरसफाई योजनाहरुलाई प्राथमिकता र आवश्यकताको आधारमा सम्पन्न गर्दै लगिनेछ ।

- एक घर एक धारा नीतिलाई निरन्तरता दिन गा.पा. लगायत अन्य निकायसँग समन्वय गरी सम्पन्न गर्दै लगिनेछ ।

- **“एक फाँट एक सिंचाई”** योजना को अवधारणालाई अवलम्बन गरी गाउँपालिकामा रहेका सबै फाँटमा सिंचाइ व्यवस्थित गर्ने ।

- लिफ्ट खानेपानी तथा सिंचाई आयोजनाहरुलाई प्रोत्साहन गर्न विद्युत महसुल गाउँपालिकाले व्यहोर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, लिफ्टिङ्ग, थोपा सिंचाई, सिंचाइ पोखरी,

प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

- वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## ४.३ भवन तथा सहरी विकास

- प्रकोप उत्थानशील भवन तथा पूर्वाधार निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता, भवन निर्माण निर्देशिका, भवन मापदण्ड, स्मार्ट डिजाइन, गुणस्तरीय निर्माण सामग्री, दक्ष निर्माण कामदार, निर्माणको नियमित प्राविधिक सुपरिवेक्षणका साथै नियमित मर्मत सम्भारको व्यवस्था अवलम्बन गरिनेछ ।

- लैंगिक तथा अपाङ्गमैत्री भवन तथा पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

- सुनकोशी गा.पा.को सवै वडा कार्यालयहरुलाई सहज ढंगवाट नागरिकलाई सेवा दिन वडा कार्यालय भवन निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष अनुदान सहयोग माग गरिनेछ ।

- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पुराना घरको नियमित/ अभिलेखीकरण गर्दा कम्तीमा **"एक घर एक विरुवा, एकघर फूल सहितको पाँच गमला"** लगाई हुर्काउनु पर्ने व्यवस्थाको थालनी गरिने छ ।

- गैर सरकारी संघ संस्थाको सहयोगमा एकीकृत विकास योजना, आवासीय योजना, भू–उपयोग योजना तर्जुमा गर्न पहल गरिनेछ ।

- स्विकृत कार्यविधिको अधिनमा रही **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तर्गत खरको छानालाई प्रतिस्थापन गर्दै लगिनेछ ।

- सुनकोशी गाउँपालिकामा भवन निर्माण आचारसंहिता २०७५ लागू भए भन्दा अगावै बनेका घरहरुको अभिलेखिकरण गरी अभिलेख व्यवस्थित गरीनेछ ।

## ४.४. व्यवस्थित वस्ती विकास

- समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।

- एकिकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू-उपयोग गर्ने नीति लिईने छ ।

- विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

## ४.५ विद्युत तथा वैकल्पिक उर्जा :

- आ.व. ०७९/०८० भित्र सुनकोशी गाउँपालिका अन्तर्गत सबै वडाहरुमा विद्युत विस्तार कार्य शत प्रतिशत सम्पन्न गरिनेछ ।

- नवीकरणीय वैकल्पिक उर्जा प्रवर्द्धनका लागि प्रविधि जडान सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- सुनकोशी गाउँपालिका अन्तर्गत पर्ने वि.पि. राजमार्ग साथै बजार क्षेत्र व्यवस्थित, सुरक्षित साथै दुर्घटना न्यूनिकरणको लागि सि.सि.टि.भी. जडान गरिने साथै Solar Street Lighting System जडानको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

- पेट्रोलियम पदार्थ खपत न्यूनिकरणको लागि विद्युतीय सवारी साधन प्रयोग गर्न प्रोत्साहन गर्न सुनकोशी गाउँपालिका अन्तर्गत विभिन्न बजार क्षेत्रमा Charging Station राख्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

### ४.६ तटबन्ध :

- सुनकोशी गाउँपालिका अन्तर्गत विभिन्न खोला तथा सुनकोशी नदीबाट जोखिममा रहेका बस्ती तथा खेतीयोग्य जमिन संरक्षणको लागि आवश्यकतानुसार तटबन्धको व्यवस्था मिलाइनेछ ।

४.७ जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।

४.८ भौतिक पूर्वाधार विकास कार्य सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मोडलमा संचालन गर्न ऐन, नियम तथा कार्यविधि बनाई लागू गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन/वित्तीय सुशासन :

### ५.१ संस्थागत विकास र सेवा प्रवाह :

- गुणस्तरीय र प्रविधिमैत्री सेवा प्रवाहका लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

- संगठन संरचना र कर्मचारी दरबन्दीलाई पुनरावलोकन गरी O & M को पुनरसंरचना तयार गरिनेछ ।

- गाउँपालिका र वडा कार्यालयका कर्मचारीहरुलाई नियमित र अनुशासित बनाउन आगामी आ.व. देखि विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।

- गाउँपालिका तथा वडा कार्यालय मार्फत प्रदान गरिने सेवाको गुणस्तरीयता, शीघ्रता, मितव्ययीता प्रवर्द्धन गर्न प्रविधि प्रयोगलाई विस्तार गरिनेछ ।

- सूचना प्रविधि प्रणालीमा आधारित अभिलेख व्यवस्थापनमा जोड दिइनेछ ।

- आवश्यकताका आधारमा गाउँपालिका क्षेत्र भित्र पायक पर्ने स्थानहरुमा बहुपक्षीय घुम्ती सेवा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- सेवा प्रवाहलाई थप सहज, सरल र पहुँच योग्य बनाउन सूचना प्रविधि प्रणालीमा आधारित सेवा विस्तार गरिनेछ ।

- गाउँकार्यपालिकालाई गाउँसभा प्रति उत्तरदायी बनाउन गाउँ सभामा विधायन समिति, सार्वजनिक लेखा समिति, विकास तथा सुशासन समिति गठन तथा संचालन सम्बन्धि नियमावली बनाई कार्यान्वयनमा ल्याइनेछ ।

- कर्मचारीलाई कामप्रति उत्तरदायी एवं जिम्मेवार बनाउन कर्मचारीहरुको शाखागत रुपमा कार्यविवरण बनाई लागू गरिनेछ ।

- पदाधिकारी र कर्मचारीहरुलाई अनुशासित र मर्यादिन बनाउन उनीहरुले पालना गर्नु पर्ने आचार संहिता (Code of Conduct) बनाई लागू गरिनेछ ।

- वि.पि. राजमार्गको संवेदनशील क्षेत्रमा CCTV जडान गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ ।

- गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह मापदण्ड तयार गरी लागू गरिनेछ ।

## ५.२ सुशासन/वित्तीय सुशासन :

- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिने छ । नागरिक वडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।

- प्रकाशन योग्य नीति, कार्यक्रम, बजेट, प्रतिवेदनहरु वेबसाइट तथा सामाजिक संजालहरुमा प्रकाशन गरिनेछ ।

- आवधिक सार्वजनिक सुनुवाइ तथा प्रगति समिक्षा कार्यक्रमहरुलाई अनिवार्य गरिनेछ ।

- गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्न संरचनागत सुधार गरिनेछ ।

- विकास गतिविधिको सम्पन्नता पश्चात सामाजिक परिक्षण गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

- राजश्व संकलनलाई पारदर्शी, भरपर्दो र व्यवस्थित गर्न राजश्व प्रशासनलाई अनिवार्य रुपमा प्रविधिमैत्री बनाइनेछ ।

- राजश्व प्रशासनको दायरालाई फराकिलो बनाउँदै राजश्व प्रशासनलाई व्यवस्थित बनाउन, आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गर्न स्थानीय राजश्व परामर्श समितिको भूमिकालाई रचनात्मक बनाउँदै लगिनेछ ।

- राजश्वका थप क्षेत्रहरु पहिचान गर्न अध्ययन, अनुसन्धानको कार्यलाई अगाडी बढाइनेछ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुंगा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी गरी राजश्व संकलनमा वृद्धि गर्दै लगिनेछ । नदीजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्य विधि बनाई लागू गरिनेछ ।

- राजश्व प्रशासन सुधार कार्ययोजना निर्माण भै सकेकोले सो लाई परिमार्जन सहित लागू गरिनेछ ।

## ५.३. सूचना, प्रविधि तथा संचार :

- वडास्तर र गाउँपालिका बीच इन्टरनेटका माध्यमबाट जोडिएका सेवालाई निरन्तरता दिइनेछ । अनलाइन मार्फत हुँदै आएको सेवालाई थप प्रभावकारी बनाइनेछ ।

- विद्यालय क्षेत्र, सामुदायिक स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा सूचना तथा संचार प्रविधिलाई प्रशासनिक एवं व्यवसायिक बनाइ सेवा प्रवाहमा सूचना प्रविधिलाई पहिलो प्राथमिकता दिई अप्टिकल फाइबर इन्टरनेट जडान गर्ने कार्य नेपाल दुरसञ्चार प्राधिकरणको आर्थिक सहयोगमा

अन्तिम चरणमा पुगेकोले यसलाई थप व्यवस्थित बनाई संचालन गरिनेछ ।

- गाउँपालिका तथा वडाहरुको तथ्याङ्क अध्यावधिक गर्न Digital माध्यमबाट तथ्याङ्क संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**५.४. साझेदारी वा संयुक्त व्यवस्थापन कार्यक्रम :**

- अन्तर गाउँ सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँ सँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।

- विपद व्यवस्थापन, फोहोर मैला व्यवस्थापन र पूर्वाधार विकासका क्षेत्रमा अन्तर स्थानिय तह साझेदारी कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

अन्त्यमा सुनकोशी गाउँपालिकाको विकासमा योगदान गर्नु हुने राजनैतिक दल, राष्ट्रसेवक, निजी, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत, विकास साझेदारी, Plan International Nepal, Hands Nepal, Relief Nepal, Red Cross Society, NEWAH, बौद्धिक अपांगता संघ लगायत सम्पूर्ण सुनकोशीवासी दिदी बहिनी तथा दाजुभाइलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु ।